स्थानीय राजपत्र
रौतामाई गाउँपालिकाद्धारा प्रकाशित

# मेलमिलाप कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९

प्रकाशक
स्थानीय सरकार
रौतामाई गाउँपालिका
उदयपुर जिल्ला, कोशी प्रदेश, नेपाल

**रौतामाई गाउँपालिका**
**स्थानीय राजपत्र**

| खण्ड : ०६ | संख्या : ०६ | मिति : पौष २०, २०७९ |
|---|---|---|

**भाग : २**

**रौतामाई गाउँपालिका**

# मेलमिलाप कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना :**

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन सम्बन्धी ऐन २०७४ दफा ४७ मेलमिलाप ऐन २०६८ र मेलमिलाप नियमावली २०७० मा भएको व्यवस्था कार्यान्वयन गर्दै विवादका पक्षहरुलाई जित-जितको महसुस गराई नागरिकको न्यायमा पहुच कायम गरी न्यायिक समितिसँग सहकार्य गर्दै, स्थानीय तहबाटै कानुनी सेवा उपलव्ध गराउने उद्देश्यले यस रौतामाई गाउँपालिकामा मेलमिलाप कार्यक्रम संचालन हुँदै आएकोमा, रौतामाई गाउँपालिकामा यस मेलमिलाप सेवा सञ्चालन तथा व्यवस्थापन गर्न निर्दिष्ट कार्यविधि आवश्यक भएकोले रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउँपालिकाले यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

१) **नाम :-** यस कार्यविधिको नाम “मेलमिलाप कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९” हुनेछ ।

२) **प्रारम्भ :-** यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

३) **परिभाषा :-**

३.१ गाउँसभा :- गाउँसभा भन्नाले रौतामाई गाउँकार्यपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

३.२ गाउँकार्यपालिका :- गाउँकार्यपालिका भन्नाले रौतामाई गाउँकार्यपालिका सम्झनु पर्दछ ।

३.३ न्यायिक समिति :- न्यायिक समिति भन्नाले नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम गठित न्यायिक समितिलाई जनाउँछ ।

३.४ मेलमिलाप केन्द्र :- मेलमिलाप केन्द्र भन्नाले रौतामाई गाउँपालिका र यस गाउँपालिका अन्तर्गत सबै वडामा गठन भएका मेलमिलाप केन्द्रलाई जनाउँछ ।

**४. मेलमिलाप केन्द्र :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ (१) र ४७ (२) मा उल्लेखित विवादहरु मेलमिलापबाट निरुपण गर्नका लागि यस गाउँपालिका र वडामा आवश्यकता अनुसार मेलमिलाप केन्द्र गठन गरिनेछ ।

**५. मेलमिलाप केन्द्रको संचालन :** रौतामाई गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा % जना सदस्य रहने गरी एक व्यवस्थापन समिति रहनेछ सोही व्यवस्थापन समिति सदस्यहरु मध्येबाट ३ जना साविक देखि रौतामाई गाउँपालिकाबाट तालिम प्राप्त मेलमिलापकर्ताहरु अथवा अनुभवी र यस रौतामाई गाउँपालिका बाट मेलमिलाप तालिम दिइ तालिम प्राप्त भएका मेलमिलापकर्ताहरु मेलमिलाम केन्द्रमा सूचिकृत हुनेछ र सोही सूचिकृत मेलमिलापकर्ताहरुले मेलमिलाप प्रकृया संचालन गर्नेछन् ।

**६. सामुदायिक मेलमिलाप कर्ताहरुको काम, कर्तव्य र अधिकार ।**

६.१ गाउँपालिका भित्र बसोवास गर्ने नागरिकहरुलाई सरल र सहज रुपमा न्यायमा पहुँच कायम गर्न मेलमिलाप प्रकृयाबाट न्याय निरूपणमा सहयोग गर्ने स्थानीय सरकार संचालन सम्बन्धी ऐन २०७४ दफा ४७ अनुसार विवादहरुको निरुपण गर्न न्यायिक समितिलाई सहयोग गर्ने ।

६.२. न्यायिक समितिले मेलमिलाप प्रकृयाका लागि पठाएका दफा ४७ को उपदफा (१) अन्तरगतका विवादका पक्षहरु विच मेलमिलाप हुन नसकेमा प्रतिवेदन सहित न्यायिक समितिमा फिर्ता पठाउनु पर्नेछ । त्यसैगरी दफा ४७ को उपदफा २ अन्तरगतका विवादका पक्षहरु बीच ३ महिना भित्र मेलमिलाप हुन नसकेमा पक्षहरु अदालत जान चाहेमा अदालतमा अभिलेख खडा गरेको मिसिल समेत पठाई दिनु पर्नेछ ।

६.३ मेलमिलाप सत्रको संचालन विधि र प्रकृया मेलमिलाप केन्द्रले तय गरे अनुसार हुनेछ ।

६.४ न्यायिक समितिको संयोजनमा सामुदायिक मेलमिलाप कर्ताहरु र संयोजक समेतको वैठक कम्तिमा वर्षमा ३ पटक बस्नेछ । यस वैठकमा गाउँपालिकाको अन्य पदाधिकारी वा विषय विज्ञलाई पनि आमन्त्रित गर्न सकिनेछ ।

७. **सामुदायिक मेलमिलापकर्ताको व्यवस्था :-** साविक देखि रौतामाई गाउँपालिकामा तालिम प्राप्त वा अनुभवी मेलमिलापकर्ताहरुको नाम सुचिकृत गरिनेछ । सुचिकृत मेलमिलापकर्ताहरु मध्ये बाट न्यायिक समितिले एकजना सामुदायिक मेलमिलाप केन्द्रको संयोजक तोक्न सक्ने छ ।

८. **विविध :-**

८.१ यस कार्यविधिको कार्यन्वयन सम्बन्धी जिम्मेवारी कोष व्यवस्थापन समितिमा निहित हुनेछ ।

८.२ यस मापदण्डमा उल्लेख गरिएका व्यवस्थाहरु यसै मापदण्ड बमोजिम हुने छन् र प्रचलित कानुन सँग बाझिएको हकम कानुन बमोजिम हुने छ ।

८.३ यस कार्याविधि कार्यन्वयनमा कुनै बाधा अड्चन आई परेमा गाउँपालिकाको निर्णय अनुसार बाधाअड्काउ फुकाईने छ ।

आज्ञाले,<br>
**शम्भु प्रसाद पौडेल**<br>
प्रमुख प्रशासकीय अधिकृत